भद्रपुर नगरपालिका

**स्थानीय राजपत्र**

कोशी प्रदेश झापा नेपाल

भद्रपुर नगरपालिका,नगरकार्यपालिकाको कार्यालयद्धारा प्रकाशित

खण्ड ८ भद्रपुर माघ १० गते, २०८१ साल, संख्या ८

भाग २

भद्रपुर नगरपालिका

नगरकार्यपालिकाको कार्यालयको सूचना

भद्रपुर नगरपालिकाबाट जारी भएको देहाय बमोजिमको मापदण्ड सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**लागत साझेदारी र प्रस्तावनामा आधारित टोलविकास संस्था परिचालन र सहकार्य कार्यक्रम संचालन मापदण्ड, २०८१**

*स्वीकृत मिति -२०८१/०९/२२*

*प्रमाणीकरण मिति -२०८१/१०/१०*

**लागत साझेदारी र प्रस्तावनामा आधारित टोलविकास संस्था परिचालन र सहकार्य कार्यक्रम संचालन मापदण्ड, २०८१**

**प्रस्तावना:** टोल विकास संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि गर्दै स्थानीय सामाजिक र आर्थिक विकासका क्षेत्रमा परिचालन गर्न तथा सहभागितामुलक विकास तर्फ नगरपालिकालाइ अग्रसरित बनाउन बाञ्छनिय भएको हुँदा नगर कार्यपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रायोग गरि यो मापदण्ड जारी गरेको छ |

१. **परिभाषा:** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

क. **"कार्यालय"** भन्नाले भद्रपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्दछ |

ख. **"लगानी क्षेत्र"** भन्नाले यस मापदण्ड बमोजिम तोकिएका प्राथमिकता क्षेत्र सम्झनुपर्दछ |

ग. **"साझेदारी"** भन्नाले संस्था र कार्यालय बीच यस मापदण्ड बमोजिम भएको सम्झौता अनुसार संस्थाले लगानी वा व्यवस्थापन गर्ने तथा कार्यालयले अनुदान वा भुक्तानी उपलब्ध गराउने गरि भएको सहकार्य सम्झनुपर्दछ |

घ. **"व्यवसायिक योजना"** भन्नाले यस मापदण्डको अनुसूची २(क) बमोजिमको योजना सम्झनुपर्दछ |

ङ. **"कार्ययोजना"** भन्नाले यस मापदण्डको अनुसूची २(ख) बमोजिमको योजना सम्झनुपर्दछ |

च. **"समिति"** भन्नाले दफा ८ बमोजिमको समिति सम्झनुपर्दछ |

छ. **"संस्था"** भन्नाले "भद्रपुर नगरपालिकाको टोल विकास संस्था संचालन कार्यविधि, २०७५" बमोजिम गठन भएको संस्था सम्झनुपर्दछ |

२. **मापदण्ड लागु हुने:** यो मापदण्ड कार्यपालिकाबाट स्विकृत भएको मिति देखि लागु हुनेछ |

३. **लगानी क्षेत्र पहिचान र अवधारणा तयारी:** (१) कार्यालयले अनुसूची १ अनुसारको लगानी क्षेत्रमा साँझेदारी कार्यक्रम संचालन गर्ने विषयगत शाखाहरुबाट अनुसूची २ बमोजिमको नमुना व्यवसायिक योजनाहरु वा कार्ययोजनाहरु तयारी गराउन सक्नेछ |

४. **अभिमुखीकरण कार्यक्रम संचालन गर्नुपर्ने:** (१) कार्यालयले विषयगत शाखा वा सम्बन्धित क्षेत्रको विज्ञबाट टोल विकास संस्थाका पदाधिकारीहरुलाई देहाय अनुसारको विषयमा अभिमुखीकरण गराउनुपर्नेछ |

क. लगानी क्षेत्र

ख. व्यवसायिक योजना तथा कार्ययोजना सहितको प्रस्ताव तयारी

ग. अनुदान, भुक्तानी तथा फरफारक

(२) कार्यक्रममा सहभागी संस्थाहरुलाई संस्थाको बैठक बसी ७ दिन भित्र सम्बन्धित वडा समितिको कार्यालयमा सुझाव उपलब्ध गराउन अनुसूची ३ बमोजिमको ढाँचामा फारम उपलब्ध गराउनुपर्नेछ |

गणेश पोखरेल
नगर प्रमुख

५. **प्रस्ताव आहवान:** (१) संस्थाको बैठकबाट प्राप्त सुझावहरुलाई आवश्यकता अनुसार समेटेर कार्यालयले अनुसूची ४ अनुसारको प्रस्ताव आह्वनको सुचना तयार गर्नुपर्नेछ।

(२) दफा ४ को उपदफा(२) अनुसारको समयावधि भित्र संस्थाबाट सुझाव प्राप्त नभएमा प्रस्ताव आह्वान गर्न बाधा पर्ने छैन।

(३) उपदफा (२) अनुसारका सुझावहरुमा यस मापदण्डमा उल्लेख भएका भन्दा पृथक तर अत्यावश्यक र महत्वपुर्ण लगानी क्षेत्र/उपक्षेत्र थप गर्न सुझाव प्राप्त भएमा समितिको सिफारिसमा नगरप्रमुखस्तरीय निर्णयबाट साझेदारी क्षेत्र थप गर्न सकिनेछ।

६. **अनुदान तथा प्रस्तावमा आधारित कार्यक्रम :** (१) कार्यालयले प्रत्येक टोल विकास संस्थालाई बैठक संचालन र अन्य खर्चका लागि अनुदान बापत रु.५०००।०० (पाँच हजार मात्र) सोझै उपलब्ध गराउनु पर्नेछ।

(२) दफा (५) को उपदफा १ को सुचना बमोजिम संस्थाले देहाय अनुसार प्रस्ताव पेश गर्न सक्नेछ

(क) संस्थाको लागत साझेदारी रहने गरि

(ख) कार्यालय र वडा समितिको कार्यालयको मात्र योगदान रहने गरि

(ग) कार्यालयकोको मात्र योगदान रहेन गरि

(३) उपदफा २(क) अनुसार संस्थाको लागत साझेदारी रहने गरि प्रस्ताव पेश भएमा प्रत्येक संस्थाका लागि कार्यक्रमबाट अधिकतम रु.५०,०००।००, सम्बन्धित वडा समितको कार्यालयको स्विकृत वार्षिक बजेटबाट वडा समितिको निर्णय अनुसार अधिकतम रु २५,०००।०० र संस्थाबाट कुल लागतको कम्तिमा ४०% लागत साझेदारी रहने गरि अनुसूची ६ मा भएको मापदण्ड पुरा गर्ने तथा उच्चतम प्रतिफल दिने अधिकतम १० वटा संस्थाको प्रस्ताव स्विकृत गर्न सकिनेछ।

(४) उपदफा (३) अनुसार प्रस्ताव स्विकृत गर्दा सम्भव भएसम्म प्रत्येक वडाबाट न्युनतम एक वटा संस्था छनौट हुनेगरि गर्नुपर्नेछ।

(५) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा २(ख) अनुसार कार्यालय र वडा समितिको कार्यालयको योगदान रहने गरि प्रस्ताव पेश भएमा प्रत्येक संस्थाका लागि कार्यक्रमबाट अधिकतम रु.१५,०००।०० र सम्बन्धित वडा समितको कार्यालयको स्विकृत वार्षिक बजेटबाट वडा समितिको निर्णय अनुसार अधिकतम रु २५,०००।०० गरि अधिकतम रु.४०,०००।००० सम्मको प्रस्ताव संस्थाको लागत साझेदारी विना स्विकृत गर्न सकिनेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा २(ग) अनुसार कार्यालयको मात्र योगदान रहने गरि प्रस्ताव पेश भएमा प्रत्येक संस्थाका लागि कार्यक्रमबाट अधिकतम रु.१५,०००।०० सम्मको प्रस्ताव संस्थाको लागत साझेदारी विना स्विकृत गर्न सकिनेछ।

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

**७. कार्यक्रमको सम्झौता:** (१) दफा ६ अनुसार प्राप्त भएका प्रस्तावहरु मध्ये अनुसूची ६ बमोजिमका मापदण्डका आधारमा छनौट भएका संस्थाहरुको सुची सहित सम्झौता गर्न आउने सुचना अनुसूची ७ अनुसार प्रकाशित गर्नुपर्नेछ |

(२) उपदफा (१) अनुसार मापदण्ड पुरा नगर्ने टोल विकास संस्थालाई प्रस्ताव सुधार गर्न छिटो छरितो माध्यमबाट सुचित गराउनु पर्नेछ |

(३) उपदफा (२) अनुसार सुचना गराउंदा मापदण्ड बमोजिम सुधारिएको प्रस्ताव पेश नभएमा वा पेश भएको प्रस्ताव मापदण्ड बमोजिम नभएमा प्रस्ताव अस्वीकृत गर्न बाधा पर्ने छैन |

(४) यस दफा अनुसार छनौट भई तोकिएको समयमा सम्झौताका लागि उपस्थित भएका संस्थाहरुसंग अनुसूची ८ बमोजिम सम्झौता गर्नुपर्नेछ |

**८. सहजीकरण समिति: (१)** यस मापदण्ड बमोजिम सिफारिस गर्न, मापदण्डमा नभएका वा थप सुधारका विषयमा कार्यपालिकालाइ सुझाव दिन तथा कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्न देहाय अनुसारको समिति रहनेछ |

नगर प्रमुखले तोकेको कार्यपालिकाको सदस्य.................................संयोजक

सामाजिक विकास समितका संयोजक.............................................सदस्य

आर्थिक विकास समितिका संयोजक..............................................सदस्य

वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक.........................सदस्य

संस्थागत विकास तथा सुशासन समितिका संयोजक .......................... सदस्य

प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत कर्मचारी..................सदस्य सचिव

**(२)** उपदफा (१) बमोजिमको समितिमा अन्य पदाधिकारी, कर्मचारी र विषय विज्ञलाई आमन्त्रित गर्न सकिनेछ |

**८. कार्यक्रमको अनुगमन र प्राविधिक सहयोग:**

(१) कार्यक्रमको अनुगमन गर्ने जिम्मेवारी सम्बन्धित वडा समितिको हुनेछ |

(२) उपदफा (१) अनुसारको अनुगमनका लागि सम्बन्धित विषयगत शाखाको सहयोग लिन सकिनेछ |

(३) प्रस्ताव तयारी र कार्यक्रम कार्यन्वयनका लागि प्राविधिक सहयोग माग भएमा सम्बन्धित विषयगत शाखाले प्राविधिक सहयोग गर्नुपर्नेछ |

**९. कार्यक्रमको फरफारक:**

**(१)** कार्यक्रम फरफारकका लागि संस्थाले अनुसूची ९ अनुसारको निवेदन र कार्य सम्पन्न प्रतिवेदन कार्यालयमा पेश गर्नुपर्नेछ |

(२) दफा ५ को उपदफा (४) अनुसार "संस्थाबाट लागत साझेदारी नहुने गरि" संचालन भएका कार्यक्रमहरुको भुक्तानी गर्दा प्रचलित कानून अनुसार कट्टी गर्नुपर्ने देहाय अनुसारको रकम कट्टी गरि संस्थाको खातामा विद्युतीय माध्यमबाट रकम भुक्तानी गरिनेछ |

क. मुल्य अभिवृद्धि कर लाग्ने भए सो अनुसारको रकम कट्टी

ख. मुल्य अभिवृद्धि कर बाहेकको रकममा १.५% ले अग्रिम आयकर कट्टी

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

ग. भाडामा १०% र  ढुवानीमा २.५% अग्रिम बहालकर कट्टी
घ. ज्यालामा १% सामाजिक सुरक्षाकर कट्टी

(२) दफा ५ को उपदफा (४) अनुसार नगरपालीका र वडासमितिबाट भएको  लागत सांझेदारी कुल लागतको "६०% वा सो भन्दा कम हुने गरि" स्विकृत भएका कार्यक्रमहरुको भुक्तानी गर्दा पेश भएको बिल, भर्पाइ तथा अन्य कागजातको आधारमा नगरपालिकाको यथार्थ साझेदारी निक्यौंल गरि प्रचलित कानून  अनुसार कट्टी गर्नुपर्ने देहाय अनुसारको रकम कट्टी गरि बाँकी रकम संस्थाको खातामा विद्युतीय माध्यमबाट भुक्तानी गरिनेछ |

क. मुल्य अभिवृद्धि कर लाग्ने भए सो अनुसारको रकम कट्टी
ख. मुल्य अभिवृद्धि कर बाहेकको रकममा १.५% ले अग्रिम आयकर कट्टी
ग. भाडामा १०% र  ढुवानीमा २.५% अग्रिम बहालकर कट्टी
घ. ज्यालामा १% सामाजिक सुरक्षाकर कट्टी

(३) फरफारकको क्रममा कुनै विवाद भएमा कार्यालयको निर्णय अन्तिम हुनेछ |

**१०. कार्यक्रमको समिक्षा:**

(१) कार्यक्रमको समिक्षा वार्षिक रुपमा गरिनेछ |

(२) समिक्षा कार्यक्रममा उदाहरणीय र उत्कृष्ट कार्यसम्पादन गर्ने संस्थाका पदाधिकारीहरुलाई सम्मानित गरिनुपर्नेछ |

**११. खारेजी र बचाऊ:** (१) यो मापदण्ड जारी हुनुभन्दा अघि टोलविकास संस्था सँग साझेदारीमा संचालन  गरिएका कार्यक्रमहरु यस मापदण्ड बमोजिम भएको मानिनेछ |

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

## अनुसूची १:
## लागत साझेदारीका क्षेत्रहरु

- फोहोर व्यवस्थापन तथा पुन:प्रयोग पहल
  - लघुस्तरका पुन प्रयोग संकलन तथा उत्पादन केन्द्र संचालन व्यवस्थापन
  - जैविक/प्रांगारिक मल उत्पादन
- सौन्दर्यकरण तथा समुदायमा आधारित पर्यावरण पर्यटन योजना
  - वृक्षारोपण, फुल बगैंचा स्थापना,
  - सडक रेखांकन
  - सुचनापाटी व्यवस्थापन
  - स्थानीय खाद्य तथा अन्य उत्पादन प्रवर्द्धन र कला प्रदर्शनीका लागि सांस्कृतिक तथा व्यवसायिक कार्यक्रम संचालन
- लघुउद्यम
  - सिलाइबुनाइ
  - स्थानीय खाद्यसामग्री उत्पादन, प्रशोधन, प्याकेजिंग, वितरण
  - माटो/बाँस/पराल आदि स्थानीय सामग्रीहरुबाट हस्तकला उत्पादन
  - अन्य
- कृषिमा आधारित लघु उद्यम र व्यवसाय
  - जैविक/प्रांगारिक उत्पादन
  - हर्बल खेति, फुल खेति
  - साप्ताहिक हाट संचालन
- जनस्वास्थ्य अभियान
  - नसर्ने रोगहरुका विरूद्ध योग/ध्यान कार्यक्रम
  - निशुल्क स्वास्थ्य जाँच सेवा
  - फिटनेससेवा
- सुरक्षा
  - सडक बत्ति जडान
  - सोलार लाइट जडान
  - सि.सि टिभि जडान
- अन्य

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

## अनुसूची २(क)
## नमुना व्यवसायिक योजना

१. **व्यवसायको नाम:** [व्यवसायको नाम लेख्नुहोस्]

२. **व्यवसायको संक्षिप्त विवरण**

**व्यवसायको प्रकार:** [उदाहरण: खाद्य उत्पादन, हस्तशिल्प]

**उद्देश्य:** [व्यवसायको मुख्य उद्देश्य र लक्ष्य]

**३. बजार विश्लेषण**

**लक्ष्य बजार:** [उदाहरण: युवाहरू, परिवारहरू, पर्यटक, बृद्ध]

**बजारको आकार र वृद्धि दर:** [स्थानीय बजारको अवस्थाबारे जानकारी]

**प्रतिस्पर्धा:** [मुख्य प्रतिस्पर्धीहरू र तिनीहरूको सबल पक्ष]

**४. उत्पादन र सेवाहरू**

**उत्पादन विवरण:** [उत्पादन गर्नुपर्ने वस्तुहरू वा सेवा]

**विशेषताहरू:** [उत्पादनका विशेषताहरू र फाइदाहरू]

**५. मार्केटिंग रणनीति**

**प्रचार माध्यमहरू:** [उदाहरण: स्थानीय समुदाय परिचालन(word of mouth),सामाजिक मिडिया, अनलाइन विज्ञापन]

**बिक्री च्यानलहरू:** [जस्तै: स्थानीय बजार, अनलाइन स्टोर]

**६. सञ्चालन योजना**

**स्थान:** [व्यवसाय सञ्चालनको स्थान]

**स्रोतहरू:** [कर्मचारी, सामग्री, उपकरण]

**उत्पादन प्रक्रिया:** [उत्पादनका चरणहरू]

**७. वित्तीय योजना**

**प्रारम्भिक लगानी:** [लगानीको अनुमान]

**आय स्रोत:** [आयका प्रमुख स्रोतहरू]

**मासिक आय लक्ष्य:** [आयको लक्ष्य]

**८. जोखिम विश्लेषण**

संभावित जोखिमहरू: [उदाहरण: बजार परिवर्तन, प्रतिस्पर्धा]

जोखिम व्यवस्थापन योजना: [जोखिम कम गर्नका लागि उपाय]

**९. विकास योजना**

विकासका लक्ष्यहरू: [भविष्यका विस्तार र विकासका योजना]

सम्भावित साझेदारीहरू: [अन्य व्यवसाय वा संस्थासँगको साझेदारी]

**१०. निष्कर्ष**

**समाप्ति र अपेक्षा:** [व्यवसायको दीर्घकालीन दृष्टिकोण र अपेक्षा]

यस खाकालाई लघु उद्यमका लागि प्रयोग गर्न सकिन्छ, र आवश्यकतानुसार परिवर्तन गर्न सकिन्छ। योजनातयार गर्दा विशिष्ट विवरण र विश्लेषणहरू समावेश गर्नु महत्त्वपूर्ण छ।

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

## अनुसूची २(ख):
## नमूना कार्ययोजना

१. **क्रियाकलापको नाम:** [कार्यक्रम/योजनाको नाम लेख्नुहोस्]

२. **क्रियाकलापको संक्षिप्त विवरण**

**प्रकार:** [उदाहरण: सडक रेखांकन, सडकबत्ति जडान, सुचना पाटि व्यवस्थापन ]

**उद्देश्य:** [क्रियाकलापको मुख्य उद्देश्य र लक्ष्य]

३. **कार्यक्रम सञ्चालन योजना**

**स्थान:** [व्यवसाय सञ्चालनको स्थान]

**समयावधि:** ..................... देखि ...................... सम्म

**आवश्यक स्रोतहरू:** [जनशक्ति, सामाग्री, उपकरण]

४. **वित्तीय योजना**

**प्रारम्भिक लगानी:** [लगानीको अनुमान]

**लगानीको स्रोत:** [लगानी प्रमुख स्रोतहरू]

**सम्भावित साझेदारीहरू:** [अन्य व्यवसाय वा संस्थासँगको सम्भावित साझेदारी]

५. **जोखिम विश्लेषण**

संभावित जोखिमहरू: [उदाहरण: प्राविधिक / कार्यान्वयन पक्ष, भविष्यमा आउन सक्ने जोखिम]

जोखिम व्यवस्थापन योजना: [जोखिम कम गर्नका लागि उपाय]

६. **व्यवस्थापन योजना**

[भविष्यका विस्तार र विकासका योजना]

७. **अनुगमन**

[अनुगमन गर्ने स्थानीय संयन्त्र]

८. **निष्कर्ष**

**समाप्ति र अपेक्षा:** [क्रियाकलापको दीर्घकालीन दृष्टिकोण र अपेक्षा]

यस खाकालाई उद्यम बाहेकका क्रियाकलापको लागि प्रयोग गर्न सकिन्छ, र आवश्यकतानुसार परिवर्तन गर्न सकिन्छ। कार्ययोजना तयार गर्दा विशिष्ट विवरण र विश्लेषणहरू समावेश गर्नु महत्त्वपूर्ण छ।

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

## अनुसूची ३
## सुझाव संकलन फारम

१. टोल विकास संस्थाको नाम:

२. वडा नं:

३. टोल विकास संस्थाका पदाधिकारीहरुको विवरण:

| क्र.सं | पद | नाम | सम्पर्क नं | पेशा/व्यवसाय/ विशेष कार्य अनुभव | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

४. लागत साझेदारीका क्षेत्र सम्बन्धि सुझाव:

- ➢ ..........................................................................................................
..........................................................................................................
- ➢ ..........................................................................................................
..........................................................................................................

५. व्यवसायिक योजना तथा कार्ययोजना सम्बन्धि सुझाव

- ➢
..........................................................................................................
..........................................................................................................
- ➢ ..........................................................................................................
..........................................................................................................

६. अन्य सुझाव

- ➢ ..........................................................................................................
..........................................................................................................
- ➢ ..........................................................................................................
..........................................................................................................

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

**अनुसूची ४**
**प्रस्ताव आह्वानको सुचना**
**भद्रपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**भद्रपुर , झापा**
**आर्थिक वर्ष २०८१/८२**

## टोल विकास संस्थाहरुबाट प्रस्ताव आहवानको सुचना

........ पटक प्रकाशित मिति..................

चालु आर्थिक वर्ष.................का लागि नगरपालिकाबाट स्विकृत "लागत साझेदारी र प्रस्तावनामा आधारित टोलविकास संस्था परिचालन र सहकार्य कार्यक्रम" अन्तर्गत देहाय अनुसारका लागत साझेदारी क्षेत्रमा योजना/कार्यक्रम संचालन गर्न इच्छुक टोल विकास संस्थाहरुलाई देहायअनुसारका कागजात सहित सुचना जारी भएको ७/१५ दिन भित्र भद्रपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा प्रस्ताव पेश गर्नुहुन अनुरोध सहित सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ।

**देहाय**

**अ. लागत साझेदारी क्षेत्रहरु**

फोहोर व्यवस्थापन तथा पुन:प्रयोग पहल, सौन्दर्यकरण तथा समुदायमा आधारित पर्यावरण पर्यटन योजना, लघुउद्यम विकास,कृषिमा आधारित लघु उद्यम र व्यवसाय संचालन, जनस्वास्थ्य अभियान, सुरक्षा

**आ. आवश्यक कागजातहरु**

१. योजना/कार्यक्रमको प्रस्ताव
२. व्यवसायिक योजना
३. सम्बन्धित वडा समितिको सिफारिस

**इ. सांझेदारीका शर्तहरु:**

सांझेदारीका शर्तहरु "लागत साझेदारी र प्रस्तावनामा आधारित टोलविकास संस्था परिचालन र सहकार्य कार्यक्रम संचालन मापदण्ड, २०८१" बमोजिम हुनेछ।

**नोट:**

- प्रस्ताव पेश गर्नका लागि आवश्यक कागजातहरुको सहितको फायल सम्बन्धित वडा समितिको कार्यालयबाट प्राप्त गर्न सकिनेछ।
- थप जानकारीका लागि नगरपालिको वेबसाइटमा रहेको "लागत साझेदारी र प्रस्तावनामा आधारित टोलविकास संस्था परिचालन र सहकार्य कार्यक्रम संचालन मापदण्ड, २०८१" मा हेर्नुहुन तथा विस्तृत जानकारीका लागि कार्यालयको प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ।

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

## अनुसूची ५

## प्रस्तावको ढाँचा

**लागत साझेदारी र प्रस्तावनामा आधारित टोलविकास संस्था परिचालन र सहकार्य कार्यक्रम, २०८१**

**कार्यक्रम प्रस्ताव**

........................................... टोलविकास संस्था

भद्रपुर नगरपालिका

वडा नं ................

गणेश पोखरेल

नगर प्रमुख

भद्रपुर नगरपालिका

१. टोल विकास संस्थाको नाम:
२. जम्मा घरधुरी संख्या:
३. वडा नं:
४. सम्बन्धित टोलको मुख्य विशेषता:
५. टोल विकास संस्थाका पदाधिकारीहरुको विवरण:

| क्र.सं | पद | नाम | सम्पर्क नं | पेशा/व्यवसाय/ विशेष कार्य अनुभव | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

६. प्रस्तावित क्रियाकलाप/कार्यक्रमको नाम: ....................................................

७. प्रस्तावित क्रियाकलाप/कार्यक्रमको उद्धेश्य:

- ...........................................................................................................................
- ...........................................................................................................................

८. प्रस्तावित कार्यक्रमको कुल लागत:

९. साझेदारी विवरण

- टोल विकास संस्थाको लागत साझेदारी: रु............... (अक्षरेपी ........................................................)
- सम्बन्धित वडा समितिको कार्यालयको साझेदारी: रु............... (अक्षरेपी ........................................................)
- भद्रपुर नगरपालिकाको साझेदारी : रु.............. (अक्षरेपी ........................................................)

१०. प्रस्तावित कार्यक्रमबाट लाभान्वित घरधुरी संख्या:...........................................

११. प्रस्तावित कार्यक्रमको प्रतिफल :

...........................................................................................................................

(उदाहरण: ................ व्यक्तिले रोजगारी प्राप्त गर्नेछन्|........ वटा सिसिटिभी जडान गरिनेछ ).

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

१२. लागत अनुमान

उदाहरण

| क.सं | विवरण | इकाई | परिमाण | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | **जनशक्ति** | | | | | |
| १.१ | श्रमिक | रोजगार दिन | | | | |
| १.२ | टेक्निसियन | जना * दिन | | | | |
| १.३ | | | | | | |
| १.४ | | | | | | |
| २ | उपकरण | | | | | |
| २.१ | उपकरण १ | थान | | | | |
| २.२ | उपकरण २ | थान | | | | |
| २.३ | | | | | | |
| ३ | सामग्री | | | | | |
| ३.१ | सामग्री १ | | | | | |
| ३.२ | सामग्री २ | | | | | |
| ३.३ | सामग्री ३ | | | | | |
| ४ | ढुवानी | | | | | |
| ५ | छपाई | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | **कुल जम्मा** | | | | | |

१३. अनुसूची २(क) अनुसारको व्यवसायिक योजना वा अनुसूची २(ख) अनुसारको कार्ययोजना

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

## अनुसूची ६

## प्रस्ताव छनौटको मापदण्ड

१. लागत साझेदारीका क्षेत्र अन्तर्गतको प्रस्ताव पेश भए नभएको

२. व्यवसायिक योजना वा कार्ययोजना पूर्ण भए नभएको

३. प्रस्ताव कार्यान्वयनयोग्य भए नभएको

४. सम्बन्धित टोल विकास संस्थाको बैठकको निर्णय भए नभएको

५. सम्बन्धित वडा समितिको सिफारिस भए नभएको

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

अनुसूची ७

सम्झौता गर्न आउने सम्बन्धि सुचना

भद्रपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भद्रपुर , झापा

आर्थिक वर्ष २०८१/८२

## टोल विकास संस्थाहरुलाइ सम्झौता गर्न आउने सम्बन्धि सुचना

पहिलो पटक प्रकाशित मिति.................

चालु आर्थिक वर्षका लागि नगरपालिकाबाट स्विकृत "लागत साझेदारी र प्रस्तावनामा आधारित टोलविकास संस्था परिचालन र सहकार्य कार्यक्रम" अन्तर्गत मिति ............. मा कार्यालयबाट प्रकाशित सुचना अनुसार प्रस्ताव पेश गर्नुहुने टोलविकास संस्थाहरुमध्ये कार्यालयको मिति ................ गतेको निर्णय अनुसार सम्झौताका लागि छनौट भएका निम्नानुसारका टोल विकास संस्थाका अध्यक्ष, कोषाध्यक्ष र सचिवज्युहरुलाई देहाय अनुसारका कागजात सहित सुचना जारी भएको मितिले ७ दिन भित्र सम्झौताका लागि कार्यालयमा उपस्थित हुनुहुन अनुरोध सहित सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ|

| क्र.सं | वडा नं | टोल विकास संस्था | कार्यक्रमको नाम | प्रस्तावित कुल लागत | प्रस्ताव बमोजिम लाभान्वित घरधुरी | साझेदारी विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| ८ | | | | | | | |
| ९ | | | | | | | |
| १० | | | | | | | |
| ११ | | | | | | | |
| १२ | | | | | | | |
| १३ | | | | | | | |
| १४ | | | | | | | |
| १५ | | | | | | | |

आशिष पोखरेल

अनुसूची-८
सम्झौताको ढाँचा

भद्रपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भद्रपुर , झापा

**लागत साझेदारी र प्रस्तावनामा आधारित टोलविकास संस्था परिचालन र सहकार्य कार्यक्रम, २०८१**

**सम्झौता पत्र**

भद्रपुर नगरपालिका(यस पछि "पहिलो पक्ष" भनिने) र ..................... टोल विकास संस्था, वडा नं ..... (यस पछि"दोश्रो पक्ष" भनिने) का बीच लागत साझेदारी र प्रस्तावनामा आधारित टोलविकास संस्था परिचालन र सहकार्य कार्यक्रम संचालन मापदण्ड, २०८१ बमोजिम संलग्न प्रस्ताव अनुसारको साझेदारी कार्यक्रम/क्रियाकलापहरु देहाय अनुसारको शर्तको अधिनमा रही संचालन गर्ने सहमति सहित सम्झौता गरि दियौं/लियौं ।

**सम्झौताका शर्तहरु**

- दोश्रो पक्षले स्विकृत प्रस्ताव अनुसार ................. मसान्त भित्र कार्यसम्पादन गरिसक्नु पर्नेछ ।
- पहिलो पक्षले दोश्रो पक्षलाई उपलब्ध भएसम्म प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ ।
- दोश्रो पक्षले कार्यसम्पादन गरे पश्चात मापदण्डको अनुसूची ९ अनुसारको प्रतिवेदन सहितको निवेदन पेश गर्नुपर्नेछ ।
- दोश्रो पक्षले पेश गरेको प्रतिवेदन र सम्बन्धित वडा समितिको सिफारिसकोको आधारमा पहिलो पक्षले दोश्रो पक्षलाई प्रचलित कानून अनुसार भुक्तानी गर्नेछ ।
- कार्यसम्पादन वा भुक्तानीको क्रममा कुनै विवाद भएमा कार्यालयको निर्णय अन्तिम हुनेछ ।

| प्रथम पक्ष | दोश्रो पक्ष |
|---|---|
| नाम:...........................<br>पद: प्रमुख प्रशासकीय अधिकृत, भ.न.पा<br>हस्ताक्षर:<br><br>नाम:.....................................<br>पद: ........................... शाखा (सम्बन्धित विषयगत शाखा)<br>हस्ताक्षर: | नाम:............................<br>पद: अध्यक्ष, ................. टोल विकास संस्था<br>हस्ताक्षर:<br><br>नाम:....................................<br>पद: सचिव, ............................ टोल विकास संस्था<br>हस्ताक्षर: |
| **साक्षी**<br>नाम:<br>पद: लेखा अधिकृत, भ.न.पा<br>हस्ताक्षर: | **साक्षी**<br>नाम:<br>पद:<br>हस्ताक्षर: |

गणेश पोखरेल
नगर प्रमुख

अनुसूची ९

## भुक्तानी निवेदन र कार्य सम्पन्न प्रतिवेदन ढाँचा

मिति: ....................

**श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यु,**
**भद्रपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय**
**भद्रपुर, झापा।**

**विषय:** भुक्तानी बारे

**महोदय,**

प्रस्तुत विषयमा यस संस्था र तहाँ नगरपालिका बीच "लागत साझेदारी र प्रस्तावनामा आधारित टोलविकास संस्था परिचालन र सहकार्य कार्यक्रम, २०८१" संचालनार्थ मिति .................. मा भएको सम्झौता बमोजिम कार्यसम्पादन गरेको हुँदा प्रचलित कानून बमोजिम नगरपालिका [र]/[वडा समिति] तर्फको साझेदारी रकम यस टोलविकास संस्थाको देहाय अनुसारको खातामा जम्मा गरिदिनुहुन विनम्र अनुरोध छ।

बैंकको नाम: ..................................... बैंकको शाखा: ............................
खाता नं:..........................................

**निवेदक**

अध्यक्ष, ................. टोल विकास संस्था, वडा नं ........., श्री.................
कोषाध्यक्ष, ................. टोल विकास संस्था,वडा नं ........., श्री.................
सचिव,........................टोल विकास संस्था, वडा नं ........., श्री.................

संलग्न कागजातहरु

१. सम्झौता पत्र
२. कार्यसम्पन्न प्रतिवेदन
३. टोल विकास संस्थाको बैठकको भुक्तानी माग गर्ने बारेको निर्णय
४. सम्बन्धित वडा समितिको सिफारिस

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

## लागत साझेदारी र प्रस्तावनामा आधारित टोलविकास संस्था परिचालन र सहकार्य कार्यक्रम, २०८१

### कार्य सम्पन्न प्रतिवेदन

.......................................... टोलविकास संस्था

भद्रपुर नगरपालिका

वडा नं ................

गणेश पोखरेल

नगर प्रमुख

भद्रपुर नगरपालिका

१. टोल विकास संस्थाको नाम:.................. वडा नं: .....जम्मा घरधुरी संख्या:....................

२. सम्बन्धित टोलको मुख्य विशेषता:..........................................................................................

..........................................................................................................................

३. टोल विकास संस्थाका पदाधिकारीहरुको विवरण:

| क्र.स | पद | नाम | सम्पर्क नं | पेशा-व्यवसाय/ विशेष कार्य अनुभव | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

**४. कार्यक्रमको नाम:** ..................................................

**५. कार्यक्रमको उद्धेश्य:**

➢ ..........................................................................................................................

➢ ..........................................................................................................................

**६. कार्यक्रमको कुल खर्च:** ..........................................................................................

**७. साझेदारी विवरण**

➢ टोल विकास संस्थाको लागत साझेदारी: रु............... (अक्षरेपी ..................................................)

➢ सम्बन्धित वडा समितिको कार्यालयको साझेदारी: रु............... (अक्षरेपी..........................................)

➢ भद्रपुर नगरपालिकाको साझेदारी : रु............... (अक्षरेपी ..................................................)

**८. कार्यक्रमबाट लाभान्वित घरधुरी संख्या:**..........................................

**९. प्रस्तावित कार्यक्रमको प्रतिफल :**

..........................................................................................................................

(उदाहरण: ................. व्यक्तिले रोजगारी प्राप्त गर्नेछन | ........ वटा सिसिटिभी जडान गरिनेछ ).

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

## १०. खर्च विवरण

उदाहरण

| क्र.सं | विवरण | इकाई | परिमाण | दर | लागत अनुमान जम्मा | खर्च जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | **जनशक्ति** | | | | | | |
| १.१ | श्रमिक | रोजगार दिन | | | | | |
| १.२ | टेक्निसियन | जना * दिन | | | | | |
| १.३ | | | | | | | |
| १.४ | | | | | | | |
| २ | उपकरण | | | | | | |
| २.१ | उपकरण १ | थान | | | | | |
| २.२ | उपकरण २ | थान | | | | | |
| २.३ | | | | | | | |
| ३ | सामग्री | | | | | | |
| ३.१ | सामग्री १ | | | | | | |
| ३.२ | सामग्री २ | | | | | | |
| ३.३ | सामग्री ३ | | | | | | |
| ४ | ढुवानी | | | | | | |
| ५ | संचार | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| ८ | कुल जम्मा | | | | | | |

**११. टोल विकासमा रहेको सामग्री, उपकरणको मौज्दात विवरण:**

**१२. योजना/कार्यक्रम कार्यन्वयनको फोटो:**

**१३. थप सुझाव:**

- ........................................................................................................
- ........................................................................................................
- ........................................................................................................
- ........................................................................................................
- ........................................................................................................
- ........................................................................................................

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

१०

अनुसूची १०

## वडा समितिको कार्यालयबाट प्रदान गरिने सिफारिसको नमुना

### (क) लागत साझेदारी र प्रस्ताव स्वीकृतिको सिफारिस

मिति: ...................

**श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यु,**
**भद्रपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय**
**भद्रपुर, झापा।**

**विषय:**लागत साझेदारीको सिफारिस सम्बन्धमा

प्रस्तुत विषयमा यस वडामा रहेको ........................संस्थाले "लागत साझेदारी र प्रस्तावनामा आधारित टोलविकास संस्था परिचालन र सहकार्य कार्यक्रम, २०८१" अन्तर्गत .................................... शीर्षकको कार्यक्रम संचालन गर्न लागत साझेदारी गर्ने प्रतिवद्धता सहित निवेदन पेश गरेको र सो कार्यक्रम वडामा संचालन गर्न आवश्यक रहेको हुँदा निम्नानुसारको लागत विवरण सहित प्रस्ताव स्वीकृतिको सिफारिस गरिएको व्यहोरा अनुरोध छ।

१. .................. टोल विकास संस्थाको साझेदारी: रु.................
२. .... नं वडा समितिको साझेदारी: रु.......................... (.................... शीर्षक बजेटबाट कट्टा हुने गरि)

**(वडा अध्यक्ष)**

........................

संलग्न कागजातहरु

१. टोलविकास संस्थाको निवेदनको प्रतिलिपि
२. वडा समितिको निर्णय

भोगेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

(ख) भुक्तानीको सिफारिस

मिति: ....................

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यु,
भद्रपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय
भद्रपुर, झापा।

विषय:भुक्तानी सिफारीस सम्बन्धमा

प्रस्तुत विषयमा यस वडा समितिले गरेको स्थलगत अनुगमनबाट यस वडामा रहेको ........................संस्थाले "लागत साझेदारी र प्रस्तावनामा आधारित टोलविकास संस्था परिचालन र सहकार्य कार्यक्रम, २०८१" अन्तर्गत .......................................... शीर्षकको कार्यक्रम तहाँ कार्यालयसँग गरेको सम्झौता अनुरुप सन्तोषजनक रुपमा सम्पन्न गरेको देखिएको हुँदा सम्झौता र प्रचलित कानून बमोजिमको साझेदारी रकम भुक्तानी गरिदिनुहुन सिफारिस साथ अनुरोध छ।

(वडा अध्यक्ष)

..........................

संलग्न कागजातहरु

१. टोलविकास संस्थाको निवेदनको प्रतिलिपि
२. अनुगमन प्रतिवेदन
३. वडा समितिको निर्णय

आज्ञाले
सुनिल निरौला
प्रमुख प्रशासकीय अधिकृत